बैठक नं. ५८

आज मिति २०७८।०३।०७ गतेका दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री मंगल प्रसाद थारुज्यूको अध्यक्षतामा बाणगंगा नगर कार्यपालिकाको बैठक बसि निम्नानुसारको प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न तपसिलका पदाधिकारीहरुको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १. | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २. | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३. | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४. | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५. | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६. | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७. | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८. | सुकदेव थारु | वडाध्यक्ष | |
| ९. | विष्णू गिरी | वडाध्यक्ष | |
| १०. | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११. | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२. | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३. | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४. | टिका कूमारी अधिकारी | सदस्य | |
| १५. | सरिता देवी ढकाल | सदस्य | |
| १६. | योगनाथ सुनार | सदस्य | |
| १७. | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८. | गिता भुसाल | सदस्य | |
| १९. | केशरा गुरुङ | सदस्य | |
| २०. | सावित्रा थारु | सदस्य | |
| २१. | पूर्णकला सुनार | सदस्य | |
| २२. | वासुदेव खनाल | सचिव | |

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगंगा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

**मिति: २०७८।०३।०७**

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. नवौं नगरसभा अधिवेसनको दोस्रो वैठकमा पेश गरिने वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा।
२. कस्वे र औधोगिक ग्राम स्थलको सुरक्षार्थ नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा।
३. आय ठेक्का सम्बन्धमा।
४. दमकल चालक र अग्नि नियन्त्रकको सुविधा सम्बन्धमा।
५. किसान सूचीकरण समिति गठन सम्बन्धमा।
६. बहुक्षेत्री कार्यक्रम सम्बन्धमा।
७. विविध

**निर्णयहरु:-**

**निर्णय नं. १**

बाणङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को बार्षिक बजेट तथा कार्यक्रम अनुसूची -१ बमोजिम नवौं नगरसभा २०७८।०३।०९ गते पेश हुने गरि स्वीकृत गरियो।

**निर्णय नं. २**

बाणगंगा नगरपालिका वडा न ९ बर्दहवामा निर्माणाधीन औधोगिक ग्राम स्थलको नजिक कोईली खोला र बनगाई मोतिपुर डोहोटे सडक खण्ड अन्तर्गत कपिलधामको नजिकमा पर्ने कजवेको आसपासमा नदिजन्य पदार्थ थुप्रन गई निर्माणाधीन औधोगिक ग्रामको निर्माण कार्य र कजवेको पानी निकासमा समेत अबरोध पुग्ने अवस्था देखिएकोले निर्माणाधीन औधोगिक ग्रामको  पूर्वपट्टिको क्षेत्र भित्रबाट नदीजन्य पदार्थ संकलन गरि औधोगिक ग्रामको खाल्डो पुर्ने र कजवेको आसपासको तपशिलमा उल्लेख भए बमोजिमको क्षेत्रभित्रबाट नदिजन्य पदार्थ हटाई सोही स्थानको किनारमा व्यवस्थापनका लागि नगरस्तरीय बिपद व्यवस्थापन समितिबाट समेत सिफारिस भै आए बमोजिम यसै नगरपालिकाबाट खर्च व्यहोर्ने गरि आवश्यक व्यवस्था मिलाउन जिल्ला स्तरीय बिपद व्यवस्थापन समितिबाट अनुमति मागका लागि अनुरोध गर्ने।

**तपशिल:**

| सि. न. | संकलन गरिने क्षेत्र | लम्बाई | चौडाई | उचाई | परिमाण | कोबोर्डिनेट | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | N | E |
| १. | औधोगिक ग्रामको पूर्व पट्टि | ४० | १२.५ | १ | ५०० | २७.७२१३१ | ८३.१२६२१९ |
| | | ३० | २५ | १ | ७५० | २७.७२०५५ | ८३.१२६०३३ |
| | | ३० | २६ | १ | ७८० | २७.७२०६१७ | ८३.१२६००४ |
| | | ३० | ३० | १ | ९०० | २७.७२०२७ | ८३.१२८८६६ |
| | | ३० | ३० | १ | ९०० | २७.७१९८८ | ८३.१२५८१३ |
| | | ६० | ३० | १ | १८०० | २७.७१९५२१ | ८३.१२५८४५ |
| २. | कपिलधाम कजवेको उत्तर पूर्व | ३० | १६ | ०.६ | २८८ | २७.७००३२८ | ८३.११९३५३ |
| | | ३० | १४ | १.२ | ५०४ | | |
| | | ३१ | ५.५ | ०.६ | १०२.३ | | |
| | कपिलधाम कजवेको दक्षिण पूर्व | १६ | १०.५ | १ | १६८ | २७.६९९८५८ | ८३.११९४७२ |
| | | १७ | ४.५ | १ | ७६.५ | | |

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३

आगामी आर्थिक वर्ष २०७८/७९ को लागि यस नगरपालिकाले लगाउदै आएको आय ठेक्काहरू मध्ये एकतह प्रसोधन भएको नदीजन्य पदार्थको नगर निकासी वातावरण तथा व्यवस्थापन शुल्कको न्युनतम अंक रु.१ करोड ५० लाख, नगरपालिका भित्र उत्पादन भई बाहिर निकासी हुने पशुजन्य, वनजन्य तथा अन्य उत्पादित वस्तुको नगर निकासी आय ठेक्काको न्यूनतम अंक रू. ७ लाख र नगरमा संकलन भई बाहिर निकासी हुने कबाडी वस्तुको नगर निकासी आय ठेक्काको न्यूनतम अंक रू. ३ लाख अक्षरुपी तीनलाख राखी Ebidding माध्यमबाट आय ठेक्काको सूचना प्रकासित गर्ने।

निर्णय नं. ४

२०७४।०८।१ गतेको निर्णयानुसार आर्थिक वर्ष २०७४।०७५ देखि ०७६।७७ सम्म दमकल चालकले संचार र अग्नि नियन्त्रणमा खटिएको दिनको जोखिम भत्ता र अग्नि नियन्त्रक (फायरमेन) हरुले अग्नि नियन्त्रणमा खटिएको जोखिम भत्ता सुविधा उपलब्ध गराईदै आएकोमा निजहरुको कार्य सन्तोषजनक देखिएकोले यस आर्थिक वर्षमा समेत चालकको संचार खर्च रु.५००।- प्रति महिना र चालक तथा अग्नि नियन्त्रक (फायरमेन) को जोखिम भत्ता वापत प्रति खटिएको दिनको रु.५००।- का दरले प्रतिव्यक्ति उपलब्ध गराउने।

निर्णय नं. ५

किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद-६ को दफा १८ बमोजिम निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो।

किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति

| | |
|---|---|
| नगर उपप्रमुख | अध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| प्रमुख वा अधिकृत प्रतिनिधि - प्रधानमन्त्री कृषि आधुनिकिकरण, परियोजना परियोजना कार्यान्वयन ईकाई, कपिलवस्तु | सदस्य |
| पशु सेवा शाखा शाखा प्रमुख | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| सूचना प्रविधि अधिकृत | सदस्य |
| कृषक प्रतिनिधि (महिला-१, पुरुष-१) | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

*(कृषक प्रतिनिधि महिला सदस्यमा कस्तुरा भुसाल बाणगंगा-७ र पुरुष सदस्यमा नवराज पौडेल-४ लाई मनोनित गर्ने)*

निर्णय नं. ६

- यस आ.व.०७७।७८ को बहुक्षेत्रीय पोषण योजना अर्न्तगत विभिन्न कार्यक्रमहरु कोभिड-१९ को महामारीको कारणले सम्पन्न गर्न नसकिने अवस्था सिर्जना भऐको र सो सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाबाट मिति २०७८।०३।०२ मा प्राप्त पत्रमा उल्लेख भए बमोजिम तपसिलका कार्यक्रमहरु परिमार्जन सहित कार्यपालिकामा निर्णय गरी कार्यान्वयन गर्नुपर्ने भएकोले निर्णयका लागि सिफारिस गर्ने।

  तपसिल:

  १. पोषिलो झोला वितरण
  २. सरसफाई सामग्री वितरण

- यस आ.व. ०७७।७८ को बहुक्षेत्रीय पोषण योजना अर्न्तगतको शिक्षा शाखातर्फ छात्रामैत्री शौचालय तथा फोहोर बिसर्जनको व्यवस्थापन योजना कार्यान्वयनको लागि रकम रू. ५०,०००/- अक्षरुपी पचास हजार मात्र शुद्धोधन जनजीवन मा.वि. जिनुवा र बाल मा.वि. बैरियालाई छनोट गर्ने निर्णय गरियो।

- बाणगङ्गा नगरपालिका वडा नं. ७ चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कितावको सि.नं.१४ मा रहेको स्वास्थ्य शिविर सञ्चालन र व्यवस्थापन शिर्षकमा रू.५०हजार बिनियजन भएकोमा स्वास्थ्य सम्बन्धी शिवर सञ्चालन गर्दा रकम खर्च नभएकोले

प्रमुख प्रशासकीय अधिकृत

उक्त रकमलाई आधारभूत स्वास्थ्य सेवा केन्द्रको तारवारमा खर्च गर्ने भनि निर्णय गरेकोले सुरक्षाको आवश्यकतालाई हेर्दा उक्त कार्य मनासिव देखिएकोले प्राविधिकको मूल्याङ्कनको आधारमा भुक्तानी उपलब्ध गराउने ।

**निर्णय नं. ७ विविध**

१. कोभिड-१९ को महामारी व्यवस्थापन कार्य अन्तर्गत आईसोलेसन, कन्ट्याक ट्रेसिङ, पि.सि.आर/एन्टीजेन, स्वाव संकलन कार्यमा खटिने स्वास्थ्य कर्मी तथा कर्मचारीहरुलाई सम्बन्धित पदको शुरु तलव स्केलको ५०% जोखिम भत्ता उपलब्ध गराउने र एम्बुलेन्स चालकलाई दैनिक रू.१०००।- जोखिम भत्ता उपलब्ध गराउने ।

२. जिल्ला खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ, कपिलवस्तुले विश्व पानी दिवस (मार्च २२)मा मनाउँदा लागेको खर्च मध्ये रु.१०,०००।- उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत